# हुरी चल्नुअघि कवितासङ्ग्रहको शैलीवैज्ञानिक अध्ययन

त्रिभुवन विश्वविद्यालय, बुटवल बहुमुखी क्याम्पस शिक्षाशास्त्र सङ्कायअन्तर्गत
नेपाली भाषा शिक्षा विभाग स्नातकोत्तर तह दोस्रो वर्षको नेपाली
विषयको (नेपाली शिक्षा ५९८) पाठ्यांशको
प्रयोजनार्थ प्रस्तुत

## शोधपत्र


**शोधार्थी**

**दुर्गाप्रसाद भुसाल**

त्रि. वि. दर्ता क्रमाङ्क ९-२-५०-१८०८-२००५

दोस्रो वर्षको परीक्षा क्रमाङ्क ५००२६५ (२०६४/०६८)

क्याम्पस क्रमाङ्क २४२

नेपाली भाषा शिक्षा विभाग

बुटवल बहुमुखी क्याम्पस



बुटवल, २०६८

# कृतज्ञताज्ञापन

"हुरी चल्नुअघि कवितासङ्ग्रको शैलीवैज्ञानिक अध्ययन" शीर्षकको प्रस्तुत शोधपत्र शिक्षाशास्त्र सङ्काय स्नातकोत्तर द्वितीय वर्षको आंशिक पाठ्यांश पूरा गर्ने उद्देश्यले तयार पारिएको हो । यस शोधपत्रका लागि अनुमति प्रदान गर्ने बुटवल बहुमुखी क्याम्पस नेपाली शिक्षा विभाग सदा स्मरणीय छ । प्रस्तुत शोधपत्र आदरणीय गुरु हिरण्यलाल ज्ञवलीको कुशल निर्देशनमा तयार पारिएको हो । आफ्नो अति व्यस्त समय बाबजुद पनि समय निकालेर शोधपत्रलाई मूर्तता दिन सुझाव एवम् निर्देशन प्रदान गर्नुहुने शोधनिर्देशक गुरुप्रति हार्दिक कृतज्ञता प्रकट गर्दछु ।

यस शोधकार्यका निम्ति चयन गरिएको शीर्षकप्रति पूर्ण समर्थन जनाउँदै यथासम्भव आवश्यक सामग्री र महत्त्वपूर्ण जानकारी उपलब्ध गराई सहयोग गर्नुहुने शोधनायक आदरणीय गुरु ऋषिराम भुसालप्रति चिर ऋणी छु । त्यसै गरी समयको व्यस्त घडीमा मेरो शोधकार्यका निम्ति समय झिकेर अमूल्य सल्लाह सुझाव र उचित निर्देशन प्रदान गर्नुहुने आदरणीय गुरु उपप्राध्यापक सखिशरण सुवेदीज्यू, नेपाली विभाग प्रमुख दयाराम बस्यालज्यू र गुरु शालिकराम पौड्यालज्यूप्रति पनि कृतज्ञता प्रकट गर्दछु । यसै क्रममा महत्त्वपूर्ण सहयोग र सल्लाह दिनु हुने साहित्यकार मुरारि पराजुलीप्रति पनि आभार प्रकट गर्दछु ।

सामग्री सङ्कलनका क्रममा आवश्यक सहयोग गर्ने बुटवल बहुमुखी क्याम्पस पुस्तकालय, न्यू होराइजन क्याम्पस पुस्तकालय परिवारप्रति साधुवाद भन्दछु । प्रत्यक्ष अप्रत्यक्ष सल्लाह सुझाव र मार्गनिर्देशन प्रदान गर्ने मित्रहरु विष्णु पौडेल, विवेकराज पोखेलप्रति आभार प्रकट गर्दछु । मेरो अध्ययनमा अनवरत प्रेरणा प्रदान गर्नुहुने बुबा तुल्सीराम भुसाल, आमा गौरीदेवी भुसाल र दाजु बिष्णु भुसालप्रति नतमस्तक छु । शोधपत्र लेखनका लागि सँधै घचघच्याउने जीवनसंगिनी उमा बस्याल र अन्त्यमा यस शोधपत्र निर्माणका क्रममा कम्प्युटर टाइपिङ, सेटिङ र प्रिन्टिङ गरी सहयोग पुऱ्याउनुहुने साझा प्रिन्ट एण्ड फोटोकपी सेन्टरका राजिव घिमिरे र बाबुराम घिमिरेप्रति पनि हार्दिक धन्यवाद व्यक्त गर्दछु । यो शोधपत्रको समुचित मूल्याङ्कनका लागि शिक्षाशास्त्र सङ्काय नेपाली शिक्षा विभाग बुटवल बहुमुखी क्याम्पस समक्ष प्रस्तुत गर्दछु ।

दुर्गाप्रसाद भुसाल

## शोधसार

शीर्षक : हुरी चल्नुअघि कविता सङ्ग्रहको शैलीवैज्ञानिक अध्ययन

शोधार्थी : दुर्गाप्रसाद भुसाल

शोधनिर्देशक : सहप्रा.डा. हिरण्यलाल ज्ञवाली

विभाग/क्याम्पस : नेपाली भाषा शिक्षा विभाग, बुटवल बहुमुखी क्याम्पस बुटवल

शैक्षिक वर्ष : २०६४/६७

अध्याय : पाँच

पृष्ठसङ्ख्या : ७३

**अध्ययनका उद्देश्यहरू**

'हुरी चल्नुअघि' कविता सङग्रहभित्र सङ्कलित कविताहरूको शैलीवैज्ञानिक अध्ययन गर्नु यस अनुसन्धानको विशिष्ट उद्देश्य रहेको छ । यसै मूल उद्देश्यसँग सम्बन्धित अन्य निम्न उद्देश्यहरू रहनेछन् :

क) भाषिक संरचनाको विश्लेषण गर्नु,

ख) अभिव्यक्ति प्रक्रियाको खोजी गर्नु,

ग) चयन र अग्रभूमि निर्माण प्रक्रियाको विश्लेषण गर्नु,

घ) विचलन र समानान्तरताका आधारमा कविताहरूको विश्लेषण गर्नु ।

यस अनुसन्धानमा मूलतः यिनै उद्देश्यहरूको केन्द्रीयतामा अध्ययन गरी निष्कर्ष निकालिएको छ ।

**अध्ययनको सीमा**

सीमा निर्धारणले अध्ययनलाई व्यवस्थित बनाउँदछ । सीमा निर्धारण नगरिकन गरिएको अध्ययनले ठोस निष्कर्ष प्रदान गर्न सक्दैन । तसर्थ अनुसन्धानमा सीमा निर्धारणको आफ्नै महत्त्व रहन्छ ।

यस अध्ययनको शीर्षक 'हुरी चल्नुअघि कवितासङ्ग्रहको शैलीवैज्ञानिक अध्ययन' राखिएको भए तापनि अध्ययनको प्रयोजन र अध्ययन सुदीर्घ भई आवश्यकताभन्दा बढी तान्किने भएकोले नमुना छनौट पद्धतिका आधारमा कविताहरूको छनौट गरी निश्चित

सीमाभित्र बाधी अध्ययन गरिएको छ । यस अध्ययनलाई विशिष्ट बनाउन 'हुरी चल्नुअघि' कविता सङ्ग्रहभित्र सङ्गृहीत 'वीणा', 'प्रज्ञा- जो बिकेको छ', 'दीपावली', 'छब्बीसौं जन्मदिवसमा', 'विद्रोह कला रातहरूसँग' नामक कविताहरूको शैलीवैज्ञानिक अध्ययन गरिएको छ ।

**शोधको निष्कर्ष**

शैलीवैज्ञानिक अध्ययन पश्चात यस कवितासङ्ग्रहबाट निम्न निष्कर्ष निकाल्न सकिन्छ :

- तत्सम शब्दहरूको बाहुल्य,
- तद्भव शब्दहरूको पनि उचित प्रयोग,
- न्यून आगन्तुक शब्दहरूको प्रयोग,
- व्याकरणिक विचलनले कवितालाई काव्यात्मक बनाइएको,
- कोशीय विचलनको न्यून प्रयोग,
- अर्थतात्विक र ध्वनिप्रक्रियात्मक विचलनको सार्थक प्रयोग,
- आन्तरिक र बाह्य समानान्तरताको उचित प्रयोग,
- शीर्षक निर्माणमा विभिधता,
- अनुच्छेद संरचना निकै छोटो र कसिलो,
- सबै कवितामा प्रथमपुरुष दृष्टिबिन्दु र प्रगीतात्मक प्रस्तुति ।

यसरी उपर्युक्त बुँदाहरूलाई हेर्दा शीर्षकहरू सार्थक, अनुच्छेद संरचना निकै कसिलो तत्सम तद्भव शब्दहरूको बाहुल्य, प्रथमपुरुषीय दृष्टिबिन्दु, कवितामा अपेक्षित विचलन र समानान्तरताको उचित र सार्थक प्रयोगले कविता भाव र रूप दुवैपक्षमा विशिष्ट छन् ।

# शोधार्थी परिचय

नाम : दुर्गाप्रसाद भुसाल

पिता : श्री तुल्सीराम भुसाल

माता : श्रीमती गौरीदेवी भुसाल

जन्म मिति : २०३९/०३/०८

स्थायी ठेगाना : दुधराक्ष-९ भड्छी, रूपन्देही

लिङ्ग : पुरुष

धर्म : हिन्दू

राष्ट्रभाषा : नेपाली

शोधशीर्षक : हुरी चल्नुअघि कविता सङ्ग्रहको शैलीवैज्ञानिक अध्ययन

रुचि : स्वाध्ययन

फोन : ९८४७१३१८५९

शैक्षिक योग्यता

| क्र.स | तह | शैक्षिक संस्था | वर्ष | श्रेणी |
|---|---|---|---|---|
| १ | एस.एल.सी. | श्री पशुपति उ.मा.वि. सालझण्डी | २०५४ | तृतीय |
| २ | उत्तरमध्यमा | रुरु संस्कृत विद्यापीठ रिडी | २०५९ | तृतीय |
| ३ | शास्त्री | रुरु संस्कृत विद्यापीठ रिडी, गुल्मी | २०६२ | द्वितीय |
| ४ | आचार्य | पञ्चायती संस्कृत महाविद्यालय वस्ती | २००८ | प्रथम |
| ५ | एक वर्षे वि.एड. | बुटवल बहुमुखी क्याम्पस बुटवल | २०६४ | द्वितीय |
| ६ | एम. एड. | बुटवल बहुमुखी क्याम्पस बुटवल | २०६८ | प्रथम |

# विषयसूची


| शीर्षक | पृष्ठसङ्ख्या |
|---|---|
| सिफारिस-पत्र | |
| स्वीकृति पत्र | |
| कृतज्ञता ज्ञापन | |
| विषयसूची | |
| शोधसार | |
| संक्षेपीकृत सूची | |
| **अध्याय एक : शोध परिचय** | **१-४** |
| १.१ शोधशीर्षक | १ |
| १.२ शोधप्रयोजन | १ |
| १.३ समस्याकथन | १ |
| १.४ अध्ययनका उद्देश्यहरू | २ |
| १.५ अध्ययनको औचित्य र महत्त्व | २ |
| १.६ पूर्वकार्यको समीक्षा | ३ |
| १.७ अध्ययनको सीमा | ४ |
| १.८ शोधविधि | ४ |
| १.९ शोधपत्रको रूपरेखा | ४ |
| **अध्याय दुई : शैलीविज्ञानको सैद्धान्तिक परिचय** | **५-१८** |
| २.१ परिचय | ५ |

२.२ शैलीविज्ञानका परिभाषाहरू ६

२.३ शैलीविज्ञानको पृष्ठभूमि र सैद्धान्तिक आधार ७

२.४ शैलीविज्ञानको क्षेत्र १०

२.४.१ शाब्दिक भाषा १०

२.४.२ कला १०

२.५ कृतिविश्लेषणको शैलीवैज्ञानिक आधार १०

२.५.१ साहित्यिक संरचना ११

२.५.२ भाषा संरचना १२

२.५.३ शैली १३

२.५.३.१ विकल्पन र चयन १३

२.५.३.२ अग्रभूमिको निर्माण १४

२.६ निष्कर्ष १८

**अध्याय तीन : शैलीवैज्ञानिक अध्ययनको पृष्ठभूमिमा कविता सिद्धान्त १९-३१**

३ कविता सिद्धान्तको परिचय १९

३.१ साहित्यको विधाका रूपमा कविता १९

३.२ कविताको परिचय १९

३.३ कविताको तत्त्व २१

३.३.१ शीर्षक २१

३.३.२ लयविधान २२

३.३.३ केन्द्रीय कथ्य २२

३.३.४ संरचना २२

३.३.५ कथनपद्धति २२

३.३.६ भाषाशैली २२

३.३.७ बिम्बालङ्कार २३

३.४ कविताको स्वरूप २३

३.४.१ लघुतम रूप २३

३.४.२ लघु रूप २४

३.४.३ मध्यम रूप २४

३.४.४ बृहत् रूप २४

३.५ नेपाली कविताको विकासक्रम २४

३.५.१ प्राथमिक कला (वि.सं. १८२६ देखि १९४० सम्म) २४

३.५.२ माध्यमिक काल (वि.सं. १९४१ देखि १९७४ सम्म) २७

३.५.३ आधुनिक काल (वि.सं. १९७५ देखि हाल सम्म) २८

३.६ निष्कर्ष ३१

**अध्याय चार : हुरी चल्नुअघिका कविताहरूको शैलीवैज्ञानिक अध्ययन ३३-६७**

४.१ हुरी चल्नुअघिका ऋषिराम भुसाल ३३

४.२ वीणा कविताको अध्ययन ३५

४.२.१ संरचना ३५

४.२.२ शीर्षक संरचना ३५

४.२.३ अनुच्छेद संरचना ३५

४.२.४ भाषाका आधारमा वीणा कविता ३६

४.३ प्रज्ञा-जो बिकेको छ कविता ४४

४.३.१ शीर्षक संरचना ४४

४.३.२ अनुच्छेद संरचना ४४

४.३.३ भाषाका आधारमा प्रज्ञा-जो बिकेको छ कविता ४५

४.४ दीपावली कविताको अध्ययन ५१

४.४.१ शीर्षक संरचना ५१

४.४.२ अनुच्छेद संरचना ५१

४.३.३ भाषाको आधारमा दीपावली कविता ५१

४.५ छब्बीसौं जन्मदिवसमा कविताको अध्ययन ५७

४.५.१ शीर्षक संरचना ५७

४.५.२ अनुच्छेद संरचना ५७

४.५.३ भाषाका आधारमा छब्बीसौं जन्मदिवसमा कविता ५८

४.६ विद्रोह काला रातहरूसँग कविताको अध्ययन ६२

४.६.१ शीर्षक ६२

४.६.२ अनुच्छेद संरचना ६२

४.६.३ भाषाशैलीका आधारमा विद्रोह काला रातहरूसँग कविता ६३

४.७ सारांश ६७

**अध्याय पाँच : निष्कर्ष तथा उपसंहार ६८-७१**

**सन्दर्भसूची ७२-७३**

**व्यक्तिगत विवरण**